# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं पुस २८ गते, २०७१ साल (संख्या ३४

## भाग ४

### अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम आयोगलाई प्राप्त अधिकारहरु निम्न शर्तहरुका अधिनमा रही आ-आफ्नो जिल्लाभित्र उजुरी लिने, छानबिन, अनुसन्धान, तहकिकात एवं निर्णय गर्न निम्न जिल्लाका प्रमुख जिल्ला अधिकारी (यसपछि अनुसन्धान अधिकृत भनिएको ) तथा निम्न जिल्लाका सरकारी वकिल कार्यालयका सरकारी वकिललाई अर्को व्यवस्था नभएसम्मका लागि मिति २०७१/९/६ देखि लागू हुने गरी देहाय बमोजिमको अधिकार प्रत्यायोजन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ४९६

१. अधिकार प्रत्यायोजन गरिएका देहायका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु :-

(क) पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत:- ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा र खोटाङ जिल्ला ।

(ख) मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत:- धादिङ, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट र रसुवा जिल्ला ।

(ग) पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत:- मनाङ, मुस्ताङ, गोरखा, लमजुङ, गुल्मी र अर्घाखाँची जिल्ला ।

(घ) मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत:- हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, रुकुम, रोल्पा, सल्यान र प्यूठान जिल्ला ।

(ङ) सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत:- बैतडी, बझाङ, वाजुरा र अछाम जिल्ला ।

२. प्रमुख जिल्ला अधिकारीले अनुसन्धान गर्न सक्ने सम्बद्ध जिल्लाका सार्वजनिक पद धारण गरेका व्यक्तिहरु:-

(क) जिल्ला प्रशासन कार्यालय बाहेकका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह र सो भन्दा तल्लो दर्जामा कार्यरत कर्मचारीहरु,

(ख) जिल्ला विकास समितिका सभापति, उपसभापति, सदस्यहरु एवं महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका मेयर, उपमेयर बाहेक जिल्लास्थित स्थानीय निकायका पदाधिकारी, सदस्यहरु, कर्मचारीहरु तथा सो निकायमा कुनै लाभको पद धारण गर्ने व्यक्तिहरु,

(ग) आफ्नो क्षेत्रभित्रका नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय,



४१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्थाका सहप्राध्यापक (रिडर) वा सो सरहका पद भन्दा तल्लो तहमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरु,

(घ) आफ्नो क्षेत्रभित्रका नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा यस्तै प्रकृतिका अन्य संगठित संस्थाका दशौं तह वा सो सरहको पद भन्दा तल्लो तहमा कार्यरत पदाधिकारी र कर्मचारीहरु,

(ङ) माथि उल्लिखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले गरेको अख्तियारको दुरुपयोगको कसूरसँग संलग्न अन्य कर्मचारी तथा व्यक्तिहरु ।

३. प्रत्यायोजित अधिकार प्रयोग गर्ने अनुसन्धान अधिकृत तथा तत् तत् जिल्लाका सरकारी वकिलले पालना गर्नुपर्ने शर्तहरु :-

(क) नेपालको अन्तरिम संविधान, २०६३, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र प्रचलित कानूनहरु तथा आयोगबाट निर्धारित कार्यविधि पालना गर्नुपर्नेछ ।

(ख) आफ्नो क्षेत्राधिकारभित्र नपर्ने उजुरी पर्न आएमा सम्बन्धित निकाय वा पदाधिकारी समक्ष पठाउनु पर्ने वा आफुले कारबाही गर्न तोकिएको पदाधिकारी भन्दा माथिल्लो पदाधिकारी समेत समावेश भएको देखिन आएमा आयोगको सम्बद्ध क्षेत्रीय कार्यालयमा लेखी पठाउनु पर्नेछ ।



४१९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) कुनै उजुरीको अनुसन्धान र तहकिकात आयोगबाटै हुन उपयुक्त देखिएमा कारण सहित आयोगको सम्बन्धित क्षेत्रीय कार्यालय समक्ष लेखि पठाई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

(घ) अनुसन्धानको सिलसिलामा सम्बन्धित अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकिलसँग आवश्यकता अनुसार राय सल्लाह लिन सक्नेछ ।

(ङ) अनुसन्धानको कार्य समाप्त भएपछि अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकिल समक्ष कारवाही गर्न खोजिएको प्रस्तावित राय सहित सक्कल मिसिल पठाउनु पर्नेछ ।

(च) अनुसन्धान अधिकृतले प्रस्तावित राय सहितको सक्कल मिसिल पठाउँदा र सरकारी वकिलले आफ्नो राय पठाउँदा अभियुक्तहरु थुनामा भए निजहरुको थुनाको म्याद र हदम्याद समेतलाई ध्यानमा राखी पठाउनु पर्नेछ ।

(छ) अनुसन्धान अधिकृतबाट प्राप्त सक्कल मिसिल अध्ययन गरी सरकारी वकिलले भ्रष्टाचारमा मुद्दा चलाउने गरी राय दिएमा अनुसन्धान अधिकृतले प्रस्तावित अभियोगपत्रको मस्यौदा तयार गरी सक्कल मिसिल निर्णयार्थ आयोग समक्ष पठाउनु पर्नेछ ।

(ज) भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान अधिकृतले मुद्दा नचलाउने गरी पठाएको प्रस्तावित रायमा सम्बन्धित सरकारी वकिल सहमत भएमा अनुसन्धान अधिकृतले आवश्यक निर्णय गर्न सक्नेछ । अनुसन्धान अधिकृतको प्रस्तावित रायमा सरकारी वकिल सहमत नभई फरक राय भएमा अनुसन्धान अधिकृतले सक्कल मिसिल निर्णयका लागि आयोगको सम्बन्धित क्षेत्रीय कार्यालय समक्ष पठाउनु पर्नेछ ।



४२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) अनुचित कार्यका सम्बन्धमा अनुसन्धान अधिकृतले व्यक्त गरेको रायमा सम्बन्धित सरकारी वकिल सहमत भएमा सम्बन्धित अनुसन्धान अधिकृतले आवश्यक निर्णय गर्नेछ र सहमत नभएमा निर्णयका लागि सक्कल मिसिल आयोगको सम्बन्धित क्षेत्रीय कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(ञ) अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलमा राय मागेपछि वा कारबाहीको लागि प्रस्तावित राय पठाएपछि सम्बन्धित सरकारी वकिलले तहकिकात गर्नुपर्ने वा कुनै व्यक्ति बुझ्नुपर्ने देखेमा सम्बन्धित अनुसन्धान अधिकृतलाई आवश्यक राय दिन सक्नेछ ।

(ट) प्राप्त उजुरीका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले आयोगको सम्बन्धित क्षेत्रीय कार्यालयहरुमा राय प्रतिक्रिया पठाउन सक्नेछ ।

(ठ) प्रमुख जिल्ला अधिकारीले गर्ने प्रारम्भिक छानबिन तथा अनुसन्धानको कार्य ३ (तीन) महिनाभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

(ड) उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान गर्नुपर्ने भए प्रमुख जिल्ला अधिकारीले आयोगको सम्बन्धित क्षेत्रीय कार्यालयमा शीघ्र लेखी पठाउने तथा क्षेत्रीय कार्यालयले पनि प्राथमिकता दिई विस्तृत अनुसन्धान गर्ने निर्णयको लागि राय साथ शीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(ढ) आफ्नो अधिकार क्षेत्रभित्र नपरेका उजुरीहरु दर्ता हुन आएमा उजुरी प्राप्त भएको ३ (तीन) दिनभित्र आयोगको सम्बन्धित क्षेत्रीय कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(ण) आयोगको सम्बन्धित क्षेत्रीय कार्यालयले आफ्नो क्षेत्रभित्रका प्रमुख जिल्ला अधिकारीबाट भए, गरेका कार्यको नियमित अनुगमन गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(त) प्रमुख जिल्ला अधिकारीले गरेको उजुरी छानबिन अनुसन्धान र कारबाहीको विषयमा आयोगको सम्बन्धित क्षेत्रीय कार्यालयमा नियमित रुपमा मासिक प्रतिवेदन पेश गर्नुपर्ने र क्षेत्रीय कार्यालयले सो को विवरण केन्द्रमा पठाउनुपर्नेछ ।

(थ) प्रमुख जिल्ला अधिकारीले गरेको अनुसन्धान तहकिकात सम्बन्धी गतिविधिको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय प्रमुखले नियमित अनुगमन गर्नुपर्नेछ ।

(द) आयोगको केन्द्रीय कार्यालयबाट प्रत्यायोजित अधिकारहरुका सम्बन्धमा आयोगको प्रशासन महाशाखाले क्षेत्रीय कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुमा अनुगमन, निर्देशन र समन्वय गर्नेछ ।

(ध) आयोगले आयोगकै क्षेत्रीय प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्यायोजन गरेतापनि कुनै पनि बेला कुनै पनि विषयमा सम्बद्ध सबै क्षेत्रमा आयोगले केन्द्रबाट छानबिन, अनुसन्धान, तहकिकात गर्न सक्नेछ ।

(न) यस सूचना बमोजिम प्रमुख जिल्ला अधिकारीलाई सुम्पिएको अधिकार अन्तर्गतको कुनै कारबाही आयोगबाटै गर्न वा त्यस्तो अधिकार अन्य कुनै कर्मचारीलाई सुम्पन तथा आयोगमा परेको कुनै पनि उजुरी आयोगबाटै अनुसन्धान गर्न वा अन्य कर्मचारीलाई सुम्पन यस सूचनाको कुनै प्रावधानले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी आयोगबाटै कारबाही गरेको वा अन्य कर्मचारीलाई अधिकार सुम्पेको सूचना सम्वन्धित अनुसन्धान अधिकृतलाई दिइनेछ ।

आज्ञाले,

**प्रेम कुमार राई**

का.मु. सचिव



४.२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।